NIC ASIA
एन आई सी एशिया बैंक लि.

च.नं. : NICASIA/CS/081-82/177

मिति : २०८१/१२/०१

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय : साधारण सभाको निर्णय माईन्यूट पठाईएको बारे ।

महोदय,

उपर्युक्त विषयमा मिति २०८१/११/२२ मा सम्पन्न यस बैंकको २७ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट) को प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

धन्यवाद ।

भवदीय,

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

दिपेन कार्की
कम्पनी सचिव

संलग्न :
१. यस बैंकको सत्ताईसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट) १ प्रति (पाना संख्या २५) ।

3059540

NIC ASIA
एन आई सी एशिया बैंक लि.

NIC ASIA
BANK LTD.

# एन आई सी एशिया बैंक लिमिटेडको

## सत्ताईसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (निर्णयको माइन्यूट)

## (पाना नं. १ देखि २५ सम्म अभिलेख)

१. **वैधानिक सभा :**

एन आई सी एशिया बैंक लिमिटेडको मिति २०८१/१०/२८ (तदनुसार १० फेब्रुअरी २०२५) मा सम्पन्न सञ्चालक समितिको ७००औं बैठकको निर्णयानुसार बोलाईएको सत्ताईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु–सम्पन्न भयो ।

२. **सभा बसेको मिति, स्थान र समय :**

मिति : २०८१ फाल्गुण २२ गते, बिहीबार (तदनुसार ६ मार्च २०२५) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति:**

१. श्री तुलसीराम अग्रवाल - अध्यक्ष (संस्थापक समूह)
२. श्री त्रिलोक चन्द अग्रवाल - सञ्चालक (संस्थापक समूह)
३. श्री रामचन्द्र संघई - सञ्चालक (संस्थापक समूह)
४. श्रीमती विजया स्वार - स्वतन्त्र सञ्चालक
५. श्री गणेश मान श्रेष्ठ - सञ्चालक (सर्वसाधारण समूह)
६. श्री आदित्य कुमार अग्रवाल - सञ्चालक (सर्वसाधारण समूह)
७. श्री केशवप्रसाद नम्साल - सञ्चालक (सर्वसाधारण समूह)

**पदाधिकारीहरुको उपस्थिति :**

१. श्री रोशन कुमार न्यौपाने - प्रमुख कार्यकारी अधिकृत
२. श्री सन्तोष कुमार राठी - नायब प्रमुख कार्यकारी अधिकृत
३. श्री दिनेश भारी - प्रमुख कानुन अधिकृत
४. श्री रुपेश सुवेदी - प्रमुख वित्तीय अधिकृत
५. श्री कमल खड्का - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग
६. श्री दिपेन्द्र कार्की - कम्पनी सचिव



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

3044301

साथै, सभामा श्री सिडिएस एण्ड क्लियरिङ लि. बाट प्रतिनिधी श्री धन प्रसाद पौडेल, बाह्य लेखापरीक्षक श्री पि. के. एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधी श्री सुजन बाबु तिवारी, तथा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी प्रमुख कार्यकारी अधिकृत श्री रमेन्द्र रायमाझी समेतको उपस्थिति रहेको थियो ।

## ४. सभाको सूचना तथा आवश्यक विवरण:

सत्ताईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०८१/१०/२१ को राष्ट्रिय दैनिक पत्रिका 'नागरिक' मा र उक्त साधारण सभाको सूचना मिति २०८१/११/१३ गतेको राष्ट्रिय दैनिक पत्रिका 'नागरिक' मा प्रकाशित गरिनुका साथै बैंकको वेबसाईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो ।

साधारण सभा बस्ने बारेको सूचना तथा आर्थिक वर्ष २०८०/८१ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा समेत पठाइएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पि.के.एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस् पुन: नियुक्त हुन योग्य रहेको ।)

### (ख) विशेष प्रस्ताव

१. प्रचलित कानुन एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु १००/- का दरले रु. ६ अर्बको एन आई सी एशिया अविमोच्य असञ्चिति अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्ने ।



3044302

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

२. बैंकको साविक अधिकृत पूँजी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३. बैंकको प्रवन्धपत्रमा/नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४. प्रवन्धपत्र/नियमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित निकायहरुबाट कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. एन आई सी एशिया अविमोच्य असञ्चिति अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्न सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) विविध ।

६. शेयरधनीहरुको उपस्थिति :

| कुल शेयर संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| १४,९१,७५,६६१ | ८०३ | ११४ | ९१७ | ८,९२,३७,४३८ | ५९.८२ |

७. **गणपुरक संख्या एवम् साधारण सभाको वैधानिकता :**

सभाको प्रारम्भमा कम्पनी सचिव श्री दिपेन कार्कीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम बोलाइएको र यस सभामा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा बैंकको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा यस २७औं वार्षिक साधारण सभा वैधानिक रहेको घोषणा गर्नुभयो ।



3044303
Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

८. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :**

गणपुरक संख्या पुगेको र साधारण सभा वैधानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका बैंकका प्रमुख कानुन अधिकृत श्री दिनेश भारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम ४(७) बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका पदाधिकारीज्यूहरु, नियमनकारी निकायका प्रतिनिधी लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात् अध्यक्षज्यूबाट दीप प्रज्वलन गरी राष्ट्रिय गान बजाई सभा विधिवत रुपमा प्रारम्भ भयो ।

९. **अध्यक्षज्यूको मन्तव्य :**

कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न अनुसूची-१ (पाना संख्या ३) बमोजिमको मन्तव्य राख्नुभयो ।

१०. **मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान**

कार्यक्रम संचालनकर्ताले सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्नलिखित शेयरधनी महानुभावहरुले आ-आफ्नो तर्फबाट मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नुभयो :

१. श्री जगन्नाथ आचार्य
२. श्री उत्तम दत्त पाण्डे
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री शत्रुघ्न श्रेष्ठ
५. श्री व्यास कुमार शर्मा
६. श्री ब्रम्हदेव शाक्य
७. श्री सुदिप श्रेष्ठ
८. श्री नरसिंह लाल चख्खु
९. श्री भेषराज भण्डारी
१०. श्री गुणराज भट्ट
११. श्री चन्द्र नारायण श्रेष्ठ
१२. श्री वैजुनाथ रौनियार
१३. श्री भक्ति प्रसाद उप्रेती
१४. श्री ध्रुवराज न्यौपाने
१५. श्री युगल बस्नेत
१६. श्री सुभाष चन्द्र भट्टराई
१७. श्री अंगराज भारती
१८. श्री कुबेर श्रेष्ठ
१९. श्री दिलिप श्रेष्ठ



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044304

२०. श्रीमती निरुपमा गुप्ता
२१. श्री कृष्ण कश्यप अधिकारी
२२. श्री निरबहादुर बुढाथोकी
२३. श्री उत्सव श्रेष्ठ
२४. श्री उत्तम पाठक
२५. श्री दिपक प्रधान
२६. श्री नवराज जोशी
२७. श्री गोगन बहादुर पराजुली (लिखित मन्तव्य)
२८. श्री गोविन्द बहादुर के.सी (लिखित मन्तव्य)
२९. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्य)

**छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुले सभामा व्यक्त गर्नु भएको राय सुझाव सहितको उठेका मुख्य मुख्य विषयहरुको सारांश :**

**श्री जगन्नाथ आचार्य**
साधारण सभामा बोल्ने अवसर प्रदान गरेकोमा बैंक प्रति आभार व्यक्त गर्नुभयो । वार्षिक प्रतिवेदनमा प्रति शेयर आम्दानी तथा नाफाका सूचकांकहरुका सम्बन्धमा विभिन्न सुझावहरु प्रदान गर्नुभयो । विशेष प्रस्ताव अन्तर्गत Perpetual Non-Cumulative अग्राधिकार शेयर जारी गर्ने प्रस्ताव पेश हुनु स्वागत योग्य रहेको धारणा समेत व्यक्त गर्नुभयो । आ.व. २०८१/८२ मा बैंकले शेयरधनीहरुलाई लाभांश प्रदान गर्ने आशा प्रकट गर्दै निष्कृय कर्जालाई सन्तुलित सीमा भित्र ल्याउन समेत सुझाव दिनुभयो ।

**श्री उत्तम दत्त पाण्डे**
आ.व. २०८०/८१ मा नेपालको आर्थिक स्थितीमा अपेक्षित सुधार नआएको अवस्था, बजारमा अत्याधिक तरलता, कर्जा बिस्तार हुन नसकेको, समग्र बैंकिङ क्षेत्रको निष्कृय कर्जा ऐतिहासिक रुपमा उच्च बिन्दुमा पुगेकोले निष्कृय कर्जा व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । गत आर्थिक वर्षमा लाभांश वितरण नभएकोले चालु आर्थिक वर्षका लागि आकर्षक लाभांश प्रदान गर्ने अपेक्षा सहित आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री उद्धव प्रसाद घिमिरे**
बैंकको Dynamic व्यवस्थापन समिति र सञ्चालकज्यूहरुको प्रशंसा गर्नुभयो । बैंकको Financial Statement ले पटक पटक International Award हरु प्राप्त गरेको विषय प्रति गौरव प्रकट गर्नुभयो । बैंकको Portfolio असाध्यै राम्रो भएको र बैंकको आफ्नै Corporate Building बन्दै गरेकोमा हर्ष प्रकट गर्दै Team Work लाई अझ सशक्त पार्न सुझाव दिनुभयो । वार्षिक विवरण लगायत विभिन्न वित्तीय परिसूचकहरुमा अझ बढि सुधार गर्न ध्यानाकर्षण गराउनुभयो । साथै, FCY Currency/Letter of Credit व्यवसाय बढाउन तथा Disaster Recovery लाई अझ प्रभावकारी बनाउन आग्रह गर्दै मन्तव्य टुङ्ग्याउनुभयो ।



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

3044305

**श्री शत्रुघ्न श्रेष्ठ**

बैंकको स्थापना कालदेखि बैंकले शेयरधनीहरुलाई उत्कृष्ट लाभांश प्रदान गर्न सक्षम हुँदै आएको, कर्मचारीहरु अनुशासित, बफादार र उत्तरदायी रहेकोमा बैंकको प्रशंसा गर्नुभयो । निक्षेप संकलन र शाखा विस्तारमा यस बैंक अन्य बैंकहरु भन्दा अगाडी रहेको औंल्याउँदै आगामी आर्थिक वर्षहरुमा बैंकले राम्रो लाभांश दिन सक्ने अपेक्षा व्यक्त गर्दै बैंक उत्कृष्ट रहेको, बैंकको पुरुष र महिला कर्मचारीहरुको हिस्सा लगभग समान रहेकोमा खुसी समेत व्यक्त गर्नुभयो । कर्जा र निक्षेपमा नयाँ Product हरु ल्याउन, सञ्चालन खर्चमा मितव्ययीता अपनाउन तथा Information Security सँग सम्बन्धित जोखिम न्युनीकरण गर्न समेत सुझाव दिंदै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री व्यास कुमार शर्मा**

बैंकमा खराब कर्जा वृद्धि हुँदै गएकोमा ध्यानाकर्षण गराउनुभयो । आ.व. २०८०/८१ मा देशको अर्थतन्त्र खराब रहेकोले बैंकिङ क्षेत्रलाई चुनौतिपूर्ण अवस्था रहेको, ब्याजदर घट्दै गईरहेको, कर्जा असुली बैंकको काबु बाहिरको परिस्थितीमा रहेको अवस्थामा समेत बैंकको व्यवस्थापनले लगानीलाई अधिकतम सदुपयोग गरेकोमा बैंकको प्रशंसा गर्नुहुँदै आफ्नो मन्तव्यको समापन गर्नुभयो ।

**श्री ब्रम्हदेव शाक्य**

छलफलका लागि प्रस्तुत गरिएको प्रस्तावहरुमा लाभांश वितरणको प्रस्ताव नभएको ध्यानाकर्षण गराउँदै आगामी वर्ष देशको अर्थतन्त्र सुधार भएमा लाभांश प्राप्त गर्ने आशा व्यक्त गर्नुभयो । देशको अर्थतन्त्रले बैंकहरुलाई चुनौतिहरु थपेको विषय औंल्याउदै सरकारबाट दिगो र प्रभावकारी नीति लागु हुनुपर्ने विचार समेत राख्नुभयो । हाल बैंकमा रहेको अधिकतम तरलताको उपयोग हुनुपर्ने धारणा राख्दै बैंकको चालु आर्थिक वर्षको साधारणसभा समयमै सम्पन्न गर्न सुझाव दिंदै मञ्चबाट बिदा हुनुभयो ।

**श्री सुदिप श्रेष्ठ**

शेयरधनीहरुको प्रमुख चाहना लाभांश प्राप्त गर्नु रहेको विषय व्यक्त गर्दै चालु आर्थिक वर्षमा निष्कृय कर्जामा भएको वृद्धिले मुनाफामा असर पर्न गएकोले उक्त कर्जा व्यवस्थापनको लागि सुझाव प्रदान गर्नुभयो । बैंकले Preference Share जारी गर्ने प्रस्ताव गरेर पूँजी वृद्धि गर्न लागेको विषयको प्रशंसा गर्दै Non-Cumulative Preference Share को साटो Cumulative Preference Share जारी गरेको भए अझ राम्रो हुने थियो भन्ने विचार राख्दै Redemable Debenture जारी गर्न समेत सुझाव दिनुभयो । बैंकको गैर बैंकिङ सम्पत्ति बढेकोमा समयमै Dispose गर्न समेत सुझाव व्यक्त गर्दै आफ्नो भनाइ अन्त्य गर्नुभयो ।

**श्री नरसिंह लाल चब्बु**

बैंकको वित्तीय विवरण सन्तोषजनक रहेको र प्रगतिको लागि बैंकले कोशिस गरिरहेको विषय आफूले महसुस गरेको जानकारी गराउनुभयो । नीतिगत कारणले जोखिम बढेकोमा Loan Default, Loan Loss Provision, Loan Write Off बढेको, Foreign Exchange Reserve को समेत Provision गर्नुपर्ने भएको कारण Distributable Profit मा चाप परेको विषय समेत अवगत गराउनुभयो । बैंकले Revenue बढाउन प्रयत्न गरिरहेकोमा सन्तोष प्रकट गर्नुभयो । सम्पूर्ण कर्मचारीहरु समस्या निराकरण गर्न तत्पर रहेको तथा Cost Minimization मा ध्यान दिएको पाइएकोले Management समस्या समाधान गर्न सक्रिय रहेकोमा खुशी प्रकट गर्नुभयो । साथै, सहायक कम्पनीहरुले पनि राम्रो व्यवसाय गरिरहेको विषय सभा समक्ष प्रस्तुत गर्नुभयो ।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044306

**श्री मेघराज भण्डारी**

बैंकले रु. ५ अर्ब बराबरको Preference Share जारी गर्न लागेकोमा लगानीकर्तालाई के कति लाभ हुन्छ, सो स्पष्ट पार्न समेत आग्रह गर्नुभयो । शेयरधनीहरुलाई लाभांश दिन आग्रह गर्दै बैंकको Reserve राम्रो रहेको भएतापनि आ.व. २०८१/८२ मा बैंकको Financial Indicator हरु उत्साहजनक नभएको तर्फ ध्यानाकर्षण गराउँदै सोलाई सुधार गर्न आग्रह गर्नुभयो । बैंकले Digital क्षेत्रमा राम्रो लगानी गरेको र CSR अन्तर्गत देशका विभिन्न स्थानमा पुस्तकालयहरु निर्माण गरेकोमा सो विषयको प्रशंसा गर्दै संस्थागत सामाजिक उत्तरदायित्व शीर्षक अन्तर्गत स्वास्थ्यको क्षेत्रमा पनि खर्च गर्न सुझाव दिनुभयो ।

**श्री गुणराज भट्ट**

गत आर्थिक वर्षको वित्तीय विवरणबाट शेयरधनीहरुले लाभांशको आशा गरिरहेको, तर बैंकले लाभांश दिन नसकेकोमा बैंकलाई ध्यानाकर्षण गराउँदै थोरै भएपनि हरेक वर्ष लाभांश दिने व्यवस्था गर्न सुझाव दिनुभयो । बैंकको प्रमुख कार्यकारी अधिकृतज्यूको प्रशंसा गर्दै वहाँको कार्यकाल सफल रहोस् भन्ने अपेक्षा प्रकट गर्दै बैंकलाई कर्जा असुली प्रभावकारी बनाउन र कर्मचारीहरुको सुविधा बढाउन सुझाव दिनुहुँदै आफ्नो भनाई अन्त्य गर्नुभयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ**

बैंकले गत आर्थिक वर्षमा लाभांश दिन नसकेकोमा ध्यानाकर्षण गराउँदै आगामी वर्ष न्युनतम २०% लाभांश प्रदान गर्न सुझाव दिनुभयो । यस बैंक अन्य वाणिज्य बैंकहरुको तुलनामा ठूलो बैंक मध्ये रहेको विचार व्यक्त गर्नुहुँदै राज्यले र सरकारी निकायहरुले बैंकहरुलाई पर्याप्त सुविधा दिन नसकेकोमा गुनासो समेत प्रकट गर्नुभयो । बैंकको खर्च घटाउन आग्रह गर्दै बैंकको साधारण सभा सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना प्रकट गर्दै विदा हुनुभयो ।

**श्री बैजुनाथ रौनियार**

बैंकको आ.व. २०८०/८१ मा लाभांश नपाएकोमा बैंकको ध्यानाकर्षण गराउँदै आ.व. २०८१/८२ मा लाभांश पाउने आशा प्रकट गर्नुभयो । बैंकले गत आ.व. मा खर्च घटाउन सकेको र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देशका विभिन्न स्थानमा पुस्तकालयहरु निर्माण भएकोमा खुसी व्यक्त गर्नुभयो । बैंकको निष्कृय कर्जा वृद्धि भएकोमा सो व्यवस्थापनको लागि समयमै ध्यान दिनुपर्ने सुझाव दिनुभयो । बैंकको सञ्चालक स्तरको समितिको राय सल्लाह सुझाव अनुसार कार्य गर्न आग्रह गर्नुभयो तथा सञ्चालक समिति, सञ्चालक स्तरका समितिका खर्च घटाउन समेत आग्रह गर्नुभयो ।

**श्री भक्ति प्रसाद उप्रेती**

बैंकको खराब कर्जा, Impairment Charge बढिरहेको, Regulatory Reserve मा धेरै रकम व्यवस्था गर्नुपरेको तथा सञ्चित नोक्सान बढ्ने अवस्था आएको तर्फ बैंकको ध्यानाकर्षण गराउनुभयो । बैंकको गैर ब्याज आम्दानी पनि उत्साहजनक नरहेको विचार व्यक्त गर्नुभयो । बैंकको नाफा घटेको, वितरण योग्य मुनाफा नकारात्मक रहेको विषय ध्यानाकर्षण गराउँदै बैंकको संचालन खर्च बढी भएकोले आम्दानी बढाउन बैंक व्यवस्थापनले ध्यान दिनुपर्ने सुझाव दिनुभयो । बैंकको वार्षिक विवरण प्रकाशन र साधारण सभा समयभित्र सम्पन्न गर्न समेत आग्रह गर्नुभयो ।





Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री ध्रुवराज न्यौपाने**
गत आर्थिक वर्षको वार्षिक विवरण प्रकाशनमा केही कमी कमजोरी रहेकोमा आगामी आर्थिक वर्षमा सोलाई सुधार गर्न आग्रह गर्नुभयो । बैंकको व्यवसायिक उपलब्धी सन्तोषजनक नरहेको, बैंकको गैर बैंकिङ्ग सम्पत्ति र निष्कृय कर्जा वृद्धि भएको विचार राख्दै गैर बैंकिङ्ग सम्पत्ति र निष्कृय कर्जा व्यवस्थापनमा सुझाव दिनुभयो । साथै बैंकको प्रति शेयर आम्दानी र संचित मुनाफा समेत घटेकोमा बैंकको ध्यानाकर्षण गराउनुभयो ।

**श्री युगल बस्नेत**
बैंकको साधारण सभा समयमै सम्पन्न नभएको र शेयरधनीहरुलाई लाभांश प्रस्ताव नगरेकोमा दुःख व्यक्त गर्दै बैंकको प्राथमिक पुँजिकोष अनुपातमा सुधार गर्न सुझाव दिनुभयो । बैंकको वित्तिय सूचकाङ्कहरु उत्साहजनक नरहेको, निष्कृय कर्जा वृद्धि भएको तथा आ.व. २०८१/८२ को दोस्रो त्रयमास सम्मको नतिजा समेत उत्साहजनक नरहेको तर्फ बैंकको ध्यानाकर्षण गराउनुभयो ।

**श्री सुभाष चन्द्र भट्टराई**
बैंकको मुनाफा राम्रो नभएकोमा ध्यानाकर्षण गराउनुभयो । अर्थतन्त्रले बैंकलाई व्यवसायिक चुनौतीहरु थपेकोमा चिन्ता व्यक्त गर्नुभयो । साथै, बैंक तथा वित्तीय संस्थाहरुलाई वर्तमान समय चुनौतीपूर्ण रहेको धारणा समेत व्यक्त गर्नुभयो ।

**श्री अंगराज भारती**
बैंकको विज्ञापन खर्च बढी भएको विचार व्यक्त गर्नुहुँदै बैंकले सर्वसाधारणको विश्वास जित्नको लागि थप पारदर्शी हुनुपर्ने सुझाव समेत प्रदान गर्नुभयो ।

**श्री कुबेर श्रेष्ठ**
बैंकको शेयरको बजार मूल्य निरन्तर रुपमा घटेको, प्रति शेयर आम्दानी घटेको र Price Earning Ratio बढेको, निष्कृय कर्जा बढेकोमा बैंकको ध्यानाकर्षण गराउनुभयो । बैंकले गत आर्थिक वर्षमा लाभांश प्रस्ताव गर्न नसकेकोमा गुनासो व्यक्त गर्नुभयो । हाल अन्तर्राष्ट्रिय परिस्थिति प्रतिकूल रहेकोले बैंकलाई थप चुनौति थपिएको विचार व्यक्त गर्नुहुँदै देशको पूर्वाधार विकासमा कर्जा प्रवाह गर्न, बैंकको खर्च घटाउन र कर्मचारीहरुलाई पर्याप्त तालिम दिई उत्पादकत्व बढाउन समेत सुझाव दिनुभयो ।

**श्री दिलिप श्रेष्ठ**
देशको आर्थिक स्थिति उत्साहप्रद नभएको र सोही कारणले बैंकको व्यवसायिक स्थिति समेत उत्साहप्रद नरहेको तर्फ ध्यानाकर्षण गराउँदै बैंकलाई आगामी दिनहरुमा प्राथमिक पुँजी अनुपात कायम गर्न आग्रह गर्नुभयो ।

**श्रीमती निरुपमा गुप्ता**
आ.व. २०८१/८२ को दोस्रो त्रयमास सम्ममा समेत प्रति शेयर आम्दानीमा तात्विक सुधार नभएको, Price Earning Ratio वृद्धि भएको, Distributable Profit ऋणात्मक रहेकोले त्यसतर्फ सुधार गर्न ध्यानाकर्षण गराउनुभयो । निष्कृय कर्जा वृद्धि हुनुको कारण विश्लेषण गर्न आग्रह गर्नुहुँदै कर्जा प्रवाहमा सावधानी



3044308

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

अपनाउन समेत आग्रह गर्नुभयो । बैंकको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरु प्रशंसनीय रहेको विषय औल्याउँदै शीक्षा क्षेत्रमा थप लगानी गर्न समेत ध्यानाकर्षण गराउनुभयो । अघिल्लो आर्थिक बर्ष भन्दा गत आर्थिक बर्षमा कुल संचालन खर्च घटाउन सक्नु प्रशंसनीय कार्य रहेको प्रष्ट पार्दै आगामी बर्षको लागि बैंकको रणनिति के कस्तो हुने हो सो को जानकारी प्रदान गर्न समेत आग्रह गर्नुभयो ।

**श्री कृष्ण कश्यप अधिकारी**

सञ्चालक समितिको बैठक कम गर्न आग्रह गर्नुहुँदै बैंकको स्रोत साधनहरु कम र मितव्ययी तरिकाले खर्च गर्न समेत सुझाव प्रदान गर्नुभयो ।

**श्री निरबहादुर बुढाथोकी**

बर्तमान समयको विश्व आर्थिक परिदृश्य र राष्ट्रिय आर्थिक परिदृश्यबाट बैंकलाई के कस्तो असर परिरहेको छ तथा यसको सामना गर्न बैंकको योजना के रहेको छ भन्ने विषयमा प्रष्ट पार्न आग्रह गर्नुभयो । साथै, बैंक कर्जा सँग सम्बन्धित विषयहरुमा समय समयमा विवादमा आइरहेको अवगत गराउँदै पूँजी पर्याप्तता अनुपात हाल के कस्तो छ सो बारेमा स्पष्ट पारिदिनुहुन आग्रह गर्नुभयो । साथै, आगामी आर्थिक बर्षमा बैंकले के कति लाभांश प्रदान गर्न सक्दछ भन्ने जिज्ञासा सभासमक्ष प्रकट गर्नुभयो ।

**श्री उत्सव श्रेष्ठ**

सभामा शेयरधनी महानुभावहरुको उपस्थित राम्रो रहेकोमा खुसी व्यक्त गर्नुभयो, साथै, गत आर्थिक बर्षमा बैंकले लाभांश प्रस्ताव नगरेकोमा गुनासो समेत गर्नुभयो । बैंकलाई संचालन खर्च कम गर्न आग्रह गर्नुहुँदै बैंकको असूल उपर गर्न बाँकी ब्याज धेरै भएको तर्फ ध्यान पुर्‍याउन तथा निष्कृय कर्जा घटाउन आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री उत्तम पाठक**

सहजतामा विषमता र विषमतामा सहजताको कल्पना गर्न आग्रह गर्नुभयो । शेयरधनीहरुलाई बैंकको हितमा कार्य गर्न आग्रह गर्नुभयो । हरेक बैंक तथा वित्तीय संस्थामा अहिलेको समयमा कर्जा तथा ब्याज असुली चुनौतिपूर्ण रहेको प्रष्ट पार्दै हालको अवस्थामा कर्जा असुली चुनौतिपूर्ण रहेको विषय समेत स्पष्ट पार्नुभयो । बैंकको विज्ञापन कम गर्न अत्यावश्यक रहेको विषय उजागर गर्नुहुँदै देशमा लगानी गर्ने वातावरण नभएको विषय उठान गर्नुभयो । अन्त्यमा सबैलाई सकारात्मक सोच राख्न अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री दिपक प्रधान**

गत आर्थिक बर्षमा बैंकले लाभांश प्रस्ताव नगरेकोमा ध्यानाकर्षण गराउनुभयो । Senior Citizen Account/ Disabled People Account जारी गर्न बैंकलाई आग्रह गर्नुहुँदै बैंकको शाखाहरु धेरै भएको हुनाले शाखा घटाउन तथा बैंकको Foreign Currency Income बढाउन समेत आग्रह गर्नुभयो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री नवराज जोशी**
शेयरधनीहरुले उठान गरेका विषयलाई अल्पकालीन, मध्यकालिन र दिर्घकालिन योजनामा समावेश गरी आगामी दिनमा राम्रो नतिजा प्रदान गर्न बैंकलाई आग्रह गर्नुभयो । पुर्ण स्तरमा नोक्सानी व्यवस्थामा राखिएको रकम असुल गर्न तथा निष्कृय कर्जा व्यवस्थापन गर्न बैंकलाई आग्रह गर्नुभयो । साथै, आगामी दिनमा इमान्दारीपूर्वक र सचेतनापूर्वक कार्य गर्न बैंकलाई आग्रह गर्नुहुँदै शाखा कार्यालयको प्रभावकारितामा वृद्धि गर्न आग्रह गर्नुभयो ।

**श्री गोगन बहादुर पराजुली**
बैंकको सम्पूर्ण सुचकाङ्ग हेर्दा नराम्रो नभएता पनि बैंकमा निष्कृय कर्जा बढ्दै गएको र विगत केही वर्षदेखि कर्जा असुली हुन नसकेको हुँदा कर्जा असुली प्रभावकारी बनाउन सुझाव दिनुभयो । साथै, गत आर्थिक वर्षमा व्यवस्थापन खर्च घटेकोमा सो को सराहना गर्दै बैंकको २७औं साधारण सभा भव्य र सम्पतताका साथ सम्पन्न होस् भनी शुभकामना प्रदान गर्नुभयो ।

**श्री गोविन्द बहादुर के.सी**
अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले कर्जा असुली तथा पुँजी व्यवस्थापन गर्न बैंकलाई कठिनाई भएको विषय उल्लेख गर्दै आगामी दिनमा कर्जा असुलीलाई विशेष प्राथमिकतामा राख्न, प्रविधि विकास तथा सुचना व्यवस्थापनमा विशेष ध्यान दिन, औद्योगिक तथा व्यवसायिक सम्बन्धलाई अझ मजबुत बनाउन तथा चालु आर्थिक वर्षमा लगानीकर्तालाई लाभांश प्रदान गर्ने गरी कार्य गर्न सुझाव प्रदान गर्नुभयो ।

**श्री लक्ष्मण बहादुर श्रेष्ठ**
बैंकले गत आर्थिक वर्षमा लाभांश प्रस्ताव नगरेता पनि आगामी आर्थिक वर्षमा लाभांश प्रदान गर्नेमा आफू आशावादी रहेको विचार व्यक्त गर्दै साधारण सभा समयमा गर्न नसकेकोमा बैंकको ध्यानाकर्षण गराउनुभयो । साथै, आगामी आर्थिक वर्षमा प्रथम त्रयमास भित्रै साधारण सभा गर्न सुझाव दिँदै बैंकको कर्पोरेट भवन निर्माणको विषयमा जानकारी गराउन आग्रह गर्नुभयो । कर्जा असुलीमा विशेष ध्यान पुऱ्याउन अनुरोध गर्दै खर्चमा मीतव्ययीता अपनाउन सञ्चालक र बैंक व्यवस्थापनलाई सुझाव प्रदान गर्नुभयो ।



3044310

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर जवाफ दिनका लागि अध्यक्षज्यूले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपानेज्यूलाई निर्देशन दिनुभए बमोजिम वहाँले दिनुभएको समष्टिगत प्रत्युत्तरको सारांश :**

सर्वप्रथम बैंकको सत्ताईसौं वार्षिक साधारण सभामा अध्यक्षता गरिरहनुभएका आदरणीय अध्यक्षज्यू, सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, नियामक निकायका प्रतिनिधीज्यूहरु, बैंकका आदरणीय शेयरधनी महानुभावज्यूहरु र समग्र सहकर्मी कर्मचारी वर्गलाई सभामा स्वागत गर्नुभयो ।

शेयरधनीहरुले प्रस्तुत गर्नुभएको राय, सल्लाह, सुझाव तथा मार्गदर्शन सबैको लागि वहाँहरुलाई बैंकको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै सबै राय, सल्लाह सुझावहरु केही कोणबाट सत्य रहेकोले defend गर्नुपर्ने विषय धेरै नरहेको विचार व्यक्त गर्नुभयो ।

हाल देशको अर्थतन्त्र/वित्तीय प्रणाली विषम् परिस्थितिबाट गुज्रिरहेको हुनाले अहिलेको अवस्था Business As Usual को अवस्था नरहेको, र यो विषय र यसका कारणहरु सबैलाई अवगत रहेको औंल्याउँदै वर्तमान समयलाई मध्यनजर गर्दै बैंकले केही Extreme Measure र केही Prudent Measure हरु लागु गरिसकेको विषय सभालाई अवगत गराउनुभयो । पहिले देखि नै अलि कसिलो पूँजी पर्याप्ततामा संचालन गरिरहेको बैंक भएता पनि हालको अवस्थामा बैंक Industry Positioning हासिल गर्नको लागि अघि बढ्नु बैंकको हितमा नरहेको विषय अवगत गराउँदै बैंकले आफ्नो रणनीति र दिशामा Paradigm Shift गरेको विषय सभालाई जानकारी गराउनुभयो । समय र अर्थतन्त्रको हिसाबले बैंकले आफूलाई Smartly बदल्ने र नयाँ परिस्थितिमा समायोजन गर्ने तर्फ अगाडि बढिरहेको, First to Learn र First to Adapt Philosophy लाई बैंकले अंगिकार गरिरहेको विषय सभा समक्ष जानकारी गराउँदै अब Capital मा Stress नहुने गरी अगाडि बढ्ने, सत्यतथ्यलाई सामना गर्ने, Sustainable बैंकिङ अभ्यास गर्ने रणनीति लिएको विषय सभालाई जानकारी गराउनुभयो ।

बैंक अझ बढि जोखिममा नपरोस् भन्ने हेतुले Prudent/Safe तरिकाले व्यवसाय गर्ने बैंकले रणनीति लिएको, यस रणनीतिका कारण बैंकको Provisioning मा अल्पकालिन रुपमा केही वृद्धि हुने, मुनाफा घट्न जाने र शेयरधनीहरुलाई लाभांश घट्न जाने देखिएता पनि भविष्यमा बैंकलाई राम्रो होस् भन्ने उद्देश्यले कार्य गरिरहेको सभालाई अवगत गराउनुभयो । चुनौतिलाई honestly सामना गर्ने, सत्य तथ्यका आधारमा सबै नियामक निकायहरुसँग सम्बन्ध स्थापित गर्ने, तथा बैंकले लिनुपर्ने Remedial/Corrective Measure हरु यथासमयमै लिएर बैंकलाई सामूहिक रुपमा सहज, सबल, विश्वसनीय, गतिशिल र उत्तरदायी बनाउने दीर्घकालिन रणनीति लिएको विषय जानकारी गराउनुभयो ।

केही वर्ष अघिसम्म आक्रामक रुपमा व्यवसाय गरिरहेको यस बैंकले आफ्नो Direction परिवर्तन गर्दा वित्तीय क्षेत्रमा विभिन्न प्रकारका शंका/उपशंकाहरु श्रृजित भएता पनि ती सत्य नरहेको विषय सभालाई अवगत गराउँदै अहिले पनि समग्र बैंकिङ Industry मा Liquidity, Capital, Default, Solvency, लगायतका Indicator हरुमा यस बैंक सबैभन्दा बलियो, सबल र गतिशिल बैंकमध्ये पर्ने विषय सभालाई अवगत गराउनुभयो ।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044311

NIC ASIA
एन आई सी एशिया बैंक लि.

कर्जा असुलीको सबैभन्दा उत्कृष्ट Indicator भनेको गैर बैंकिङ्ग सम्पत्ति, निष्कृय कर्जा, Interest Overdue र सूक्ष्म निगरानी कर्जाको सामूहिक Volume रहेको र यस Indicator मा तुलना गर्दा यस बैंक अन्य वाणिज्य बैंकहरुको तुलनामा सहज अवस्थामा रहेको केही बैंकहरु मध्ये पर्दछ भनी सभालाई जानकारी गराउनुभयो । यस अवस्थामा रहनुको कारण बैंकले केही वर्ष अगाडि तर्जुमा गरेको स-साना कर्जा प्रवाह, स-साना निक्षेप संकलन, दुर दराजमा बैंकिङ्ग, सुरक्षित Business Model लगायत रणनीतिहरुको प्रतिफल रहेको सभालाई अवगत गराउँदै सोही कारण हाल अर्थतन्त्रमा विकराल स्थिति आउँदा समेत बैंकलाई धेरै कठिन अवस्था श्रृजना नभएको विषय उजागर गर्नुभयो ।

यस बैंकले नोक्सानी व्यवस्थाहरु वास्तविक तथ्यमा आधारित भई गरिरहेको र यसबाट बैंकलाई सन्तोष प्राप्त भैरहेको विषय सभालाई बोध गराउँदै अहिले समग्र Banking Industry चुनौतिपूर्ण अवस्थामा रहेको, चार वर्ष अगाडि Average Industry NPA करिब १.५% रहेकोमा हाल करिब ५% पुगेको, गत आर्थिक वर्ष २०८०/८१ मा वाणिज्य बैंकहरुले आर्जन गरेको मुनाफा विगत सात वर्षकै सबैभन्दा कम रहेको, वाणिज्य बैंकहरुको कर्जा र निक्षेपको Portfolio बढ्दा समेत मुनाफा घटिरहेको, कर्जा नोक्सानी व्यवस्था बढिरहेको तथ्यहरु सभालाई जानकारी गराउँदै यस विषम् अवस्थामा समेत कर्जा असुलीका सूचकहरुमा हामी सहज अवस्थामा रहेको बैंकहरु मध्येको बैंक रहेको विषय सभासमक्ष व्यक्त गर्नुहुँदै सबै शेयरधनी महानुभावहरुलाई यस बैंकप्रति विश्वस्त हुन आग्रह गर्नुभयो ।

हाल सबै वाणिज्य बैंकहरुमा पूँजी व्यवस्थापनको विषय गम्भीर विषय रहेको र यस बैंकले यस विषयलाई दीर्घकालिन र दुरदर्शी हिसाबले सामना गरिरहेको, यस बैंकले समयमा नै आफ्नो रोगको पहिचान गरी निराकरण गर्न तर्फ लागेको सभालाई अवगत गराउँदै यसै कारणले तत्कालको समयमा यस बैंक अन्य वाणिज्य बैंकहरु मध्ये केही पछाडि परेको अनुभुति भएता पनि यस बैंकको वासलात बलियो रहेको विषय सभासमक्ष व्यक्त गर्नुभयो ।

बैंकको रणनीतिहरु र Direction को बारेमा शेयरधनी महानुभावहरुलाई प्रष्ट नहुँदा विभिन्न शंका/उपशंकाहरुको श्रृजना भएको तथ्य उजागर गर्दै बैंकमा समग्र सञ्चालक समिति, उच्च व्यवस्थापन, कर्मचारी वर्ग र शेयरधनी महानुभावहरुको विच सौहार्दपूर्ण समझदारीको सम्बन्ध रहेको विषय सभालाई जानकारी गराउनुभयो ।

वर्तमान समयमा बैंकले व्यवसायिक वृद्दि भन्दा पनि पूँजी पर्याप्ततामा बढि ध्यान केन्द्रित गरिरहेको, Customer Satisfaction, Customer Delight, Control Enhancement र Cleansing Activities मा समेत ध्यान केन्द्रित गरिरहेको हुनाले बैंकको सुन्दर भविष्य सुनिश्चित रहेको विषय सभा समक्ष उजागर गर्दै यो चुनौतिपूर्ण समयमा समेत बैंकले Digital Banking Service लाई सबलिकरण गर्दै सही सदुपयोग गरिरहेको जानकारी गराउनुभयो । यस बैंकबाट दैनिक करिब ४ लाख कारोबार हुने गरेको र सो मध्ये करिब ९२% डिजिटल माध्यमबाट हुने गरेकोले Digital Banking Service मा यस बैंक भारतीय ठूला बैंकहरुसँग तुलना गर्न योग्य रहेको विषय समेत सभालाई अवगत गराउनुभयो ।

देशमा सबैभन्दा दुर दराजमा पुगेको बैंक यस बैंक मात्र रहेको, यस अवस्थामा बैंकको संचालन खर्च केही बढि हुनु स्वभाविक भएको, तथापि, यस बैंकले आफ्नो Productivity बढाएर, ग्राहकवर्गलाई खुशी बनाएर, Customer Experience Enhance गरेर Resource Optimization गर्न सफल भएको विषय सभालाई जानकारी गराउनुभयो ।



3044312

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

अन्त्यमा, हालसम्म बैंकका शेयरधनी महानुभावहरुले बैंकलाई सहयोग गरिरहनुभएको जानकारी गराउनुहुँदै भविष्यमा समेत यस्तै साथ र सहयोग प्राप्त गर्ने अपेक्षा रहेको जनाउँदै शेयरधनी महानुभाव लगायत सम्पूर्ण सहभागी महानुभावहरुलाई बैंकको सत्ताईसौं वार्षिक साधारण सभामा सहभागी हुनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

## ११. प्रस्तावहरुको प्रस्तुति :

अध्यक्षज्यूको निर्देशन अनुसार कार्यक्रम संचालनकर्ताले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा बैंकको आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १२. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव :

१. छलफलको लागि साधारण सभामा प्रस्तुत विषयसूची (१) अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूची (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर साधारण सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अन्तर्गत यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर साधारण सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

४. विषयसूची (४) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारण सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिले निर्धारण गरेको Criteria अनुसार पहिलो प्राथमिकतामा M/S PKF T R Upadhya & Co., Chartered Accountants, दोश्रोमा M/S S.R. Pandey & Co., Chartered Accountants र तेश्रोमा M/S S.A.R. Associates, Chartered Accountants नियुक्त गर्न सिफारिश गरेकोमा मिति २०८१/१०/२८ मा सम्पन्न लेखापरीक्षण समितिको ३२१औं बैठकको सिफारिस (निर्णय नं. १) बमोजिम पहिलो प्राथमिकतामा रहेको M/S PKF T R Upadhya & Co.,



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044313

Chartered Accountants लाई आ.व. २०८१/८२ को बाह्य लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR), Certification of Annual Report related to Corporate Governance Directive Issued to Listed Institution-2074, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने लगायतका सम्पूर्ण आवश्यक कार्यका लागि (सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी) निजलाई मूल्य अभिवृद्धि कर (VAT) सहित रु. ५२,२६,२५०/- (अक्षरेपी बाउन्न लाख छब्बीस हजार दुई सय पचास रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ साधारण सभामा पेश भएकोमा उक्त प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**(ख) विशेष प्रस्ताव :**

१. विषयसूची (१) अन्तर्गत सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रचलित कानुन एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु १००/- का दरले रु. ५ अर्बको एन आई सी एशिया अविमोच्य असञ्चित अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूचि (२) अन्तर्गत बैंकको साबिक अधिकृत पूँजी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) बनाउन, साबिक तत्काल जारी पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन र साबिक तत्काल चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अन्तर्गत बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको देहाय बमोजिमको तीन महले सहितको संशोधनलाई साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो :



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044314

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा
प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| ४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु : | ४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु : | |
| (कक्ष) नयाँ थप | (कक्ष) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी विप्रेषण (रेमिटेन्स) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (कत्र) नयाँ थप | (कत्र) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी Credit Rating सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (कज्ञ) नयाँ थप | (कज्ञ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी सुनचाँदीको धितोमा कर्जा प्रवाह गर्ने सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044315

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खक) नयाँ थप | (खक) बैंकले Bill of lading, Railway Receipt, Debenture तथा Bond लाई धितोको रुपमा स्वीकार गरी कर्जा तथा अन्य बैंकिङ सुविधा उपलब्ध गराउने । | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खख) नयाँ थप | (खख) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई बैंक आफैले वा अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी शेयर तथा डेरिभेटिभ्स् लगायतका वस्तुहरुको कारोबार गर्ने । | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खग) नयाँ थप | (खग) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई बैंक आफैले वा बैंकले सहायक कम्पनी खोली वा बैंकले अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी विद्युतीय भुक्तानी सेवा वा विद्युतीय भुक्तानी प्रदायक सेवा वा वालेट व्यवस्थापन सेवा सञ्चालन गर्ने । | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |

NIC ASIA
एन आई सी एसिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खघ) नयाँ थप | (खघ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई सहायक कम्पनी स्थापना गरी वा नगरी वा बैंकले अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) सम्बन्धी कार्य गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खङ) नयाँ थप | (खङ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी जीवन बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खच) नयाँ थप | (खच) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी निर्जीवन बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खछ) नयाँ थप | (खछ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी बैंकिङ्ग तालिम सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |





**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खज) नयाँ थप | (खज) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रकिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Lifestyle Banking (App Channel, Web Channel, Social Media Channel, Open Banking एवं अन्य Lifestyle Banking सम्बन्धी Products/ Services) सम्बन्धी व्यवसाय गर्न सक्नेछ। | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न। |
| (खझ) नयाँ थप | (खझ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रकिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Digital Transformation (Paperless Organization, Robotic Process Automation, Cloud Competency, Customer Relationship Management, Business Process Management, Third Party Collaborations, एवं अन्य Digital Transformation Projects) सम्बन्धी व्यवसाय गर्न सक्नेछ। | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न। |



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3044318

NIC ASIA

एन आई सी एसिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खञ) नयाँ थप | (खञ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Information Technology (Core Banking System, IT Network & System Administration, Disaster Recovery, Hardware Support, EFT Switch Management, QR Switch Management, Third Party Collaborations एवं अन्य IT Projects) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खट) नयाँ थप | (खट) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Information Security (Application Security, Network Security, IT Operations Security एवं अन्य Cyber Security related) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ सेवा सुविधालाई थप वृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



3044319

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | जैफियत |
|---|---|---|
| ५. बैंकको पूँजीको संरचना<br><br>१.बैंकको अधिकृत पूँजी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयानब्बे करोड रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १०० का दरको १४,९२,००,००० (अक्षरेपी चौध करोड बयानब्बे लाख) कित्ता साधारण शेयरमा विभाजन गरिने छ । | ५. बैंकको पूँजीको संरचना<br><br>१.बैंकको अधिकृत पूँजी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १०० /- का दरको १४,९२,००,००० (अक्षरेपी चौध करोड बयानब्बे लाख) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिने छ । | बैंकले अग्राधिकार शेयर जारी गर्न लागेको हुँदा अधिकृत पूँजी वृद्धि गर्नुपर्ने भएकोले । |
| ५. बैंकको पूँजीको संरचना<br><br>२.बैंकको जारी पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पूँजीलाई रु. १०० को दरका १४,९१,७५,६६९ (चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | ५. बैंकको पूँजीको संरचना<br><br>२.बैंकको जारी पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पूँजीलाई रु. १००/- को दरका १४,९१,७५,६६९ ( चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | बैंकले अग्राधिकार शेयर जारी गर्न लागेको हुँदा जारी पूँजी वृद्धि गर्नुपर्ने भएकोले । |

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| ५. बैंकको पुँजीको संरचना<br><br>३.बैंकको चुक्ता पुँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका १४,९१,७५,६६९ (चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | ५. बैंकको पुँजीको संरचना<br><br>३.बैंकको चुक्ता पुँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १०० /- को दरका १४,९१,७५,६६९ ( चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा र रु. १०० /- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | बैंकले अग्राधिकार शेयर जारी गर्न लागेको हुँदा चुक्ता पुँजी वृद्धि गर्नुपर्ने भएकोले । |
| ४.बैंकको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ :-<br><br>क) समूह "क" का संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत ।<br><br>ख) समूह "ख" का सार्वजनिक रुपमा बिक्री गरिने शेयरधनीहरुको ४९ प्रतिशत । यस समूहका लागि छुट्याईएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । | ४.बैंकको जारी पुँजी निम्नानुसार हुनेछ :-<br><br>(१) साधारण शेयर (मताधिकार प्राप्त) तथा सो को स्वामित्वको अनुपात निम्नानुसार हुनेछ :<br><br>क) समूह "क" का संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत ।<br><br>ख) समूह "ख" का सार्वजनिक रुपमा बिक्री गरिने शेयरधनीहरुको ४९ प्रतिशत । यस समूहका लागि छुट्याईएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।<br><br>(२) अग्राधिकार शेयर :<br><br>अग्राधिकार शेयरधनीहरुको मत दिने अधिकार हुने छैन । | बैंकले अग्राधिकार शेयर जारी गर्न लागेको हुँदा जारी पुँजी सम्बन्धि व्यवस्था र अनुपातलाई प्रष्टाईएको । |



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

3044321

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| **६. बैंकको शेयरको किसिम:** यस बैंकको शेयरको किसिम देहाय बमोजिम हुनेछ : क) <u>तत्कालका लागि</u> बैंकका <u>सबै</u> शेयरहरु साधारण शेयरहरु हुन् । भविष्यमा पूँजीको आवश्यकता तथा सी को पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (रिडिमेबल), फिर्ता नहुने (ईरिडिमेबल) तथा अन्य प्रकारका शेयरहरु बैंकले जारी गर्न सक्नेछ । | **६. बैंकको शेयरको किसिम:** यस बैंकको शेयरको किसिम देहाय बमोजिम हुनेछ : क) बैंकका शेयरहरु साधारण <u>तथा अग्राधिकार</u> शेयरहरु रहनेछन् । <u>बैंकको</u> पूँजीको आवश्यकता तथा सी को पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (रिडिमेबल) <u>अग्राधिकार शेयर,</u> फिर्ता नहुने (ईरिडिमेबल) <u>अग्राधिकार शेयर, कन्भर्टीबल अग्राधिकार शेयर, नन् कन्भर्टीबल अग्राधिकार शेयर, सञ्चित (क्युमिलेटिभ) अग्राधिकार शेयर, असञ्चित (नन् क्युमिलेटिभ) अग्राधिकार शेयर, अविमोच्य सञ्चित (परपेचुएल क्युमिलेटिभ) अग्राधिकार शेयर, अविमोच्य असञ्चित (परपेचुएल नन् क्युमिलेटिभ) अग्राधिकार शेयर</u> तथा अन्य प्रकारका शेयरहरु बैंकले जारी गर्न सक्नेछ । | बैंकले विभिन्न प्रकारको शेयरहरु जारी गर्न सक्ने भएकोले । |
| ग) बैंकले भविष्यमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कन्भर्टीबल ऋणपत्रहरु (Convertible Debenture) जारी गर्न सक्नेछ । | ग) बैंकले भविष्यमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कन्भर्टीबल ऋणपत्रहरु (Convertible Debenture), <u>नन् कन्भर्टीबल ऋणपत्रहरु (Non-Convertible Debenture), फिर्ता हुने (रिडिमेबल) ऋणपत्रहरु, फिर्ता नहुने (ईरिडिमेबल) ऋणपत्रहरु, सञ्चित (क्युमिलेटिभ) ऋणपत्रहरु, असञ्चित ( नन् क्युमिलेटिभ) ऋणपत्रहरु, अविमोच्य सञ्चित (परपेचुएल क्युमिलेटिभ) ऋणपत्रहरु, अविमोच्य असञ्चित ( परपेचुएल नन् क्युमिलेटिभ) ऋणपत्रहरु जारी गर्न सक्नेछ ।</u> | बैंकले विभिन्न प्रकारको ऋणपत्रहरु जारी गर्न सक्ने भएकोले । |



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था
ISO 9001 Certified Bank
3044322

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| ७. **शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**<br><br>ङ) सार्वजनिक रुपमा बिक्री गरिने शेयर कुनै एक व्यक्तिले कम्तिमा १० (दश) थान र बढीमा बैंकको जारी पुँजीको दुई प्रतिशतसम्म खरीद गर्न सक्नेछ । त्यसरी शेयर खरीद गरेपछि बिक्री, अंशबण्डा, अपुताली, दामासाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा बिभाजन गर्दा सो न्युनतम वा अधिकतम संख्या भन्दा कम वा बढी कायम हुने गरी नामसारी दाखिल, खारेज गरिने छैन ।<br><br>तर, कुनै कार्यकारण परी कुनै व्यक्ति वा संस्थाले बैंकको जारी पुँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर खरीद गर्न चाहेको खण्डमा संचालक समितिको पूर्वस्वीकृति लिई राष्ट्र बैंकको नीति निर्देशनको अधीनमा रही खरीद गर्न सक्नेछन् । हकप्रद शेयर र बोनस शेयरको हकमा भने यो प्रतिबन्ध लागु हुने छैन । | ७. **शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज : शेयर खरिद वा हस्तान्तण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**<br><br>ङ) सार्वजनिक रुपमा बिक्री गरिने शेयर कुनै एक व्यक्तिले कम्तिमा १० (दश) थान र बढीमा बैंकको जारी पुँजीको दुई प्रतिशतसम्म खरीद गर्न सक्नेछ । त्यसरी शेयर खरीद गरेपछि बिक्री, अंशबण्डा, अपुताली, दामासाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा बिभाजन गर्दा सो न्युनतम वा अधिकतम संख्या भन्दा कम वा बढी कायम हुने गरी नामसारी दाखिल, खारेज गरिने छैन । <u>तर, अग्राधिकार शेयरको हकमा उल्लेखित अधिकतम सीमा लागु हुने छैन ।</u><br><br>तर, कुनै कार्यकारण परी कुनै व्यक्ति वा संस्थाले बैंकको जारी पुँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर खरीद गर्न चाहेको खण्डमा संचालक समितिको पूर्वस्वीकृति लिई राष्ट्र बैंकको नीति निर्देशनको अधीनमा रही खरीद गर्न सक्नेछन् । हकप्रद शेयर र बोनस शेयरको हकमा भने यो प्रतिबन्ध लागु हुने छैन । | अग्राधिकार शेयर सम्बन्धि व्यवस्थालाई प्रष्टाईएको । |



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

3044323

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## एन आई सी एशिया बैंक लि. को नियमावलीमा

प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| **२क. परिभाषा**<br><br>कथ) नयाँ थप | **२क. परिभाषा**<br><br>कथ) "अग्राधिकार शेयरधनी" भन्नाले सार्वजनिक रुपमा बिक्री भएको अग्राधिकार शेयर खरिद गर्ने शेयरधनीहरु सम्झनु पर्दछ। | अग्राधिकार शेयरधनी सम्बन्धी परिभाषा थप गरिएको। |
| **१५. मतदान गर्ने अधिकार :**<br><br>१. प्रचलित कम्पनी सम्बन्धी कानून र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई आफुले लिएको प्रत्येक शेयर बापत एउटा मत दिन अधिकार हुनेछ। | **१५. मतदान गर्ने अधिकार :**<br><br>१. प्रचलित कम्पनी सम्बन्धी कानून र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई आफुले लिएको प्रत्येक शेयर बापत एउटा मत दिन अधिकार हुनेछ। <u>अग्राधिकार शेयरधनीहरुको मत दिने अधिकार हुने छैन।</u> | अग्राधिकार शेयर जारी गर्ने क्रममा उक्त शेयर लिने शेयरधनीहरुले मताधिकारमा भाग लिन नपाउने व्यवस्था कायम गर्न। |

४. विषयसूचि (४) अन्तर्गत प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो।

५. विषयसूचि (५) अन्तर्गत एन आई सी एशिया अविमोच्य असञ्चित अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्ने सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्ने निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न (वा उक्त अग्राधिकार शेयरमा हाल प्रस्तावित लाभांश दर ८.५% रहेकोमा सो लाई आवश्यकता अनुसार फेरबदल गर्न समेत) सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो।



3044324

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

(ग) विविध

विषयसूची विविध अन्तर्गत छलफलको लागि अन्य कुनै विषय नभएकोले साधारण सभाको कार्यक्रम संचालनकर्ताले उपस्थित सबैलाई धन्यवाद दिनुहुँदै आजको बैठक विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

अध्यक्षज्यूले बैंकको सत्ताइसौं वार्षिक साधारण सभामा सहभागी भई, आफ्नो अमूल्य राय सुझाव दिई साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग गरिदिनुभएकोमा आदरणीय शेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै साथ सहयोग र हौसला प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, नियामक निकायका प्रतिनिधिज्यूहरु, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नायब प्रमुख कार्यकारी अधिकृत तथा बैंकका समस्त कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दै बैंकको सत्ताइसौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| दिपन कार्की<br>कम्पनी सचिव | तुलसीराम अग्रवाल<br>अध्यक्ष |

मिति : २०८१/११/२२





Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

अनुसूचि १

# एन आई सी एशिया बैंक लिमिटेडको सत्ताईसौं वार्षिक साधारण सभामा अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको मन्तव्य

यस एन आई सी एशिया बैंकको २७ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावज्यूहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, सञ्चालकज्यूहरु, बैंकका बाह्य लेखापरीक्षकज्यू, कानुनी सल्लाहकारज्यू, बैंकमा कार्यरत कर्मचारीहरु तथा उपस्थित समस्त बैंक परिवारलाई सधन्यवाद म यस गरिमामय सभामा हार्दिक स्वागत गर्दछु ।

विशुद्ध ग्राहकमैत्री तथा पछिल्लो प्रविधिमा आधारित बैंकिङ्ग सेवा प्रदान गरी व्यक्तिगत ग्राहकवर्ग र साथसाथै संस्थागत ग्राहकवर्गको हरेक बैंकिङ्ग आवश्यकता पुरा गर्न हामी सदा तत्पर रहेका छौं । हाम्रो लक्ष्य भनेको सहज, सबल, विश्वसनीय, गतिशिल र उत्तरदायी बैंकिङ्ग गरी ग्राहकहरुको पहिलो रोजाईको बैंक बन्नु रहेको छ भन्ने विषय यहाँहरु सबैलाई जानकारी गराउँदै अब म हाम्रा आदरणीय शेयरधनी महानुभावहरु र समस्त बैंक परिवार समक्ष बैंकको गत आर्थिक वर्ष २०८०/८१ को समग्र उपलब्धीहरु लगायतका विषयहरुको समीक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. आ.व. २०८०/८१ मा बैंकको व्यवसायिक उपलब्धि

आ.व. २०८०/८१ मा देशको समग्र बैंकिङ्ग क्षेत्रलाई आफ्नो व्यवसायिक नतिजा कायम राख्न नै निकै कठिनाई रहेको थियो । बैंकहरुका लागि गत आर्थिक वर्ष २०८०/८१ मा लगानीयोग्य अवसरहरु सहज रहेनन् भने प्रवाह भएका कर्जाहरु असुली गर्न समेत निकै असहज अवस्था रहेको थियो । यस्तो विग्रदो बैंकिङ्ग वातावरणमा ठूलो कर्जा Portfolio भएको यस बैंकलाई कर्जा असुली गर्न र निष्कृय कर्जालाई सन्तुलित सीमा भित्र राखेर बैंकको वित्तीय विवरणलाई सक्दो सबल बनाउन बैंकले निकै चुनौतिपूर्ण अवस्थाको सामना गर्नु परेको थियो । साथै, बैंकहरुको आय आर्जन गर्ने क्षेत्रहरु समेत संकुचित हुँदै गईरहेको अहिलेको विषम परिस्थितिमा समेत बैंकले अथक प्रयास र विवेकशील निर्णयहरु गरी निष्कृय कर्जा व्यवस्थापन र पूँजी व्यवस्थापनमा मुख्यतय ध्यान केन्द्रित गरेको थियो । अर्थतन्त्रमा देखिएको शिथिलता, व्यापार व्यवसायमा देखिएको आर्थिक मन्दीका बावजुद बैंकले निष्क्रिय कर्जा अनुपात ३.४५ प्रतिशतमा सीमित राख्न सफल भयो । त्यस्तै गरी गत आ.व. २०८०/८१ मा बैंकको Risk Assets (Year On Year Growth) समीक्षा अवधिमा रु. १३.७४ अर्बले अर्थात् ५.०६ प्रतिशतले बृद्धि गरी कुल रु. २८५.३३ अर्ब पुऱ्याउन सफल भयो भने निक्षेप संकलनतर्फ LCY Deposit (Year On Year Growth) समीक्षा अवधिमा रु. ४६.८६ अर्बले अर्थात् १४.९५ प्रतिशत ले बृद्धि भई स्वदेशी मुद्राको निक्षेप संकलन रु. ३६०.३४ अर्ब पुऱ्याउन बैंक सफल भएको विषय यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

## २. डिजिटल बैंकिङ

विशेषत: यस बैंकले बैंकिङ्ग सेवामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र बिग डाटा एनालिटिक्स जस्ता अत्याधुनिक प्रविधिको प्रयोग गर्नको लागि Data Warehousing कार्यको सुरुवात समेत गरिसकेको छ र आफ्नो सञ्चालन दक्षता, ग्राहक सेवा र सुरक्षामा बृद्धि गरेको छ । यसका साथै, आर्थिक वर्ष २०८०/८१ मा बैंकले Machine Learning र ग्राहकवर्गलाई Hyper Personalized सेवा प्रदान गर्नको लागि System Development सम्बन्धी कार्यहरु समेत गरेको छ । गत आर्थिक वर्षमा हामीले नेपालमा नै पहिलो पटक Generative AI Based Chatbot शुरु गरेका छौं





ISO 9001 Certified Bank
3044326

जसबाट ग्राहकवर्गले बैंकको वेबसाइटमा रहेको Chatbot सँग कुरा गरी आफ्ना समस्याहरु समाधान गर्न सक्नेछन् । त्यसैगरी बैंकले "NIC ASIA Express Reward" नाम सहितको Loyalty Management System समेत कार्यान्वयन गर्ने क्रममा रहेको छ । गत आर्थिक वर्षमा ग्राहकवर्गको सुविधाको लागि Auction Assistance Portal को सुरुवात गरेका छौं । साथै, ग्राहकवर्गलाई सकेसम्म बैंकमा आउनु नपर्ने गरी वहाँहरुको विविध बैंकिङ समस्या समाधान गर्नको लागि i-Serve 2 को समेत सुरुवात गरेका छौं । यस बाहेक Mobank Payment Hub को विकास गरेका छौं र साथै, आगामी दिनहरुमा Business Process Management System समेत कार्यान्वयन गर्ने बैंकको योजना रहेको छ ।

डिजिटल बैंकिङको क्षेत्रमा उत्कृष्ट Performance गरे बापत समीक्षा अवधिमा बैंकले Nepal Clearing House Limited ले प्रदान गरेको "Excellence in NEPALPAY QR Transaction (Commercial Bank Award)" हासिल गर्न सफल भएको छ । साथै, समीक्षा अवधिमा नै बैंकले इण्डीयन च्याम्बर अफ कमर्शबाट प्रदान गरिएको 2nd ICC Emerging Asia Bank Awards अन्तर्गतको "Best in Digital Banking Award" हासिल गर्न समेत बैंक सफल भएको छ । बैंकले प्राप्त गरेको Award हरुले बैंकको आफ्ना ग्राहकवर्गप्रति उत्कृष्ट डिजिटल बैंकिङ सेवा प्रदान गरिरहेको विषयलाई थप उजागर र प्रष्ट पारेको विषय यहाँहरु समक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

## ३. बैंकको Expense Optimization गर्ने प्रयास

वर्तमान समयमा बैंकको श्रोत साधनलाई सही ठाउँमा उपयोग गर्नको लागि, साथै बैंकको दीर्घकालीन सम्बृद्धि र मुनाफालाई निरन्तरता दिनको लागि Expenses Optimization गर्नु निकै महत्वपूर्ण विषय रहेको छ । कम उपयोगिताको क्षेत्रमा खर्च कम गरी स्रोतको अधिकतम उपयोगिता हासिल गर्नको लागि बैंकले ध्यान केन्द्रित गर्न सकेमा आगामी दिनहरुमा राम्रो वित्तीय नतिजा सुनिश्चित गर्न सकिनेछ भन्ने कुरामा बैंक विश्वस्त रहेको छ । आर्थिक वर्ष २०७९/८० मा बैंकको कुल संचालन खर्च (कर्मचारी खर्च समेत) रु. ७.७७ अर्ब रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा सो मा करिब ५.३६ प्रतिशतले कम गरी रु. ७.३५ अर्बमा सीमीत राख्न सफल भएका छौं ।

## ४. संस्थागत सामाजिक उत्तरदायित्व

यस बैंकको कुल ३६० वटा शाखा, ११८ वटा Extension Counter र ६७३ वटा ATM हरु सहित देशका ७७ जिल्लाहरु मध्ये ७३ जिल्लाहरुमा बैंकको Footprint रहेको र देशका दुर्गम स्थानहरुमा समेत बैंकले १० वटा शाखाहरु संचालन गरिरहेको छ । जसबाट दुर्गम स्थानका बासिन्दाहरुले समेत आधुनिक बैंकिङ सेवा सुविधाहरु उपयोग गर्न सकिरहेका छन् भनी यहाँहरु समक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

गत आर्थिक वर्षमा हामीले देशका विभिन्न स्थानमा रहेका सातवटा विद्यालयहरुमा जस्तै, श्री मोहन्याल मा.वि.- जोशिपुर, श्री गौरीगञ्ज मा.वि.-झापा, श्री आदर्श मा.वि.- बुद्धशान्ति झापा, श्री पवित्र मा.वि.-वन्दिपुर, श्री बाला सुन्दरी मा.वि.-भगवानपुर, श्री पब्लिक मा.वि.-सियारी र श्री सिद्धार्थ मा.वि.-वीरगञ्जमा पुस्तकालय निर्माण गरी हस्तान्तरण समेत सम्पन्न गरेका छौं । यी पुस्तकालयहरुबाट देशका विभिन्न भुभागमा रहेका आर्थिक रुपले कमजोर विद्यार्थीहरुलाई समेत शिक्षा र ज्ञानको ज्योति हासिल गर्ने अवसर मिल्नेछ भन्ने हाम्रो विश्वास रहेको छ ।





**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

५. धन्यवाद ज्ञापन

यस एन आई सी एशिया बैंकका शुभेच्छुक तथा हितैषी शेयरधनी महानुभावहरु, सम्पूर्ण जनसमुदाय, लगायत बैंकको सफलताको लागि अथक प्रयास गर्नुहुने मेरा सञ्चालक साथीहरु, बैंकको प्रमुख कार्यकारी अधिकृत, ATHOT Assurance Committee, लगायत विभिन्न तह र तप्काका बैंकका सम्पुर्ण कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै वहाँहरुलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, आगामी दिनहरुमा समेत वहाँहरुबाट यस्तै साथ, सहयोग र योगदान निरन्तर रहिरहोस् भन्ने कामना गर्न चाहन्छु ।

अन्त्यमा, बैंकलाई यस अवस्थामा ल्याउन उल्लेख्य योगदान दिनुहुने नियामक निकायहरु, शेयरधनी महानुभावहरु, ग्राहकवर्गहरु र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु प्रति हार्दिक आभार प्रकट गर्दै सबै सरोकारवालाहरुबाट भविष्यमा पनि निरन्तर सहयोग प्राप्त हुने अभिलाषाका साथ वहाँहरुलाई हृदय देखि नै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

श्री तुलसीराम अग्रवाल
अध्यक्ष



3044328

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था